# सामुदायिक स्वयंसेवा कोभिड १९

## राष्ट्रिय युवा परिषद्

## सानोठिमी, भक्तपुर

## पृष्टभूमि

राष्ट्रिय युवा परिषद् नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउने ध्येयका साथ युवा कै नेतृत्वमा सञ्चालन हुने स्वयत्त र कार्यकारी सरकारी निकाय हो । यो आफैमा समावेशी चरित्रको छ जस्ले आफ्नो समिति, कार्यक्रम र हरेक निणर्य प्रक्रियामा ५० प्रतिशत महिला सहभागिता साथै राष्ट्रिय युवा ,नीतिले परिभाषित गरेका युवा उमेर १६ देखि ४० वर्ष भित्रका प्राथमिकता र विशेष प्राथमिकताका समुहको समावेशितालाई महत्व दिन्छ ।

राष्ट्रिय युवा परिषद्ले कोभिड १९ को जोखिम नेपालमा बढ्दै गर्दा विभिन्न अभियान तथा कार्यक्रम मार्फत युवाको जिम्मेवारीलाई कार्यान्वयन तहमा नेतृत्व गर्ने र अन्य निकायहरुसँग समन्वय र सहकार्य गर्ने जस्ता कार्य गर्दै आई रहेको छ । कोभिड १९ को संक्रमण वढि रहेको, वजार खुल्ला भए पश्चात जनमानसमा कोरोनाको जोखिम बढ्दै गई रहेको छ । जसले गर्दा सबै पक्षवाट जोखिम न्युनिकरणका लागि सार्थक प्रयास गर्नु आवश्यक देखिन्छ । यसका लागि सामुदायिक सचेतना अभिबृद्धिका लागि स्वयंसेवक परिचालन एक प्रभावकारी विकल्प हो ।

यस सन्दर्भमा राष्ट्रिय युवा परिषद्ले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्थानीय तहहरुसंगको सामूहिक छलफलबाट काठमाण्डौं उपत्यकाका १८ वटा स्थानीय तहसँगको सहकार्यमा १०० जना स्वयंसेवक कोरोना संक्रमण जोखिम न्युनिकरणका लागि एक महिनाका लागि परिचालन गर्ने योजना बनाएको छ ।

## उदेश्य

१) सम्वन्धित स्थानीय तहले प्राथमिकमा राखेका वसपार्क लगायतका खुल्ला र भिडभाड हुने स्थानहरुमा भौतिक दुरी कायम गर्ने तथा अनिवार्य मास्क प्रयोग गर्ने व्यवहारलाई कार्यान्वयन गराउन सहयोग गर्ने ।

२) कोभिड १९ सँग सम्वन्धि स्वास्थ्य र सुरक्षित व्यवहार सम्बन्धि सचेतना गराउने ।

३) युवाको क्षमता विकास गरी, स्थानिय तहसँगको सम्वन्ध विस्तार गर्दै सामुदायिक सेवाको कार्यमा दिर्घकालिन सहभागिताको वातावरण तयार गर्ने ।

४) कोभिड १९बाट प्रभावित र निजको परिवारलाई सम्बन्धित पालिकाको सहयोग तथा समन्वयमा परामर्श दिने ।

## विषयवस्तु

१)कोभिड १९ को संक्रमणको जोखिम न्युनिकरण गर्न भौतिक दुरि र सुरक्षित सामग्रीको प्रयोगको व्यवहारिक अभ्यास

२) मनोसामाजिक समस्या र सहयोग सम्वन्धि आधारभूत जानकारी, समस्या पहिचान, सहयोग र समन्वय

३) कोभिड १९ पश्चातको स्वास्थ्य, सामाजिक र आर्थिक पुनर्स्थापनाको आवश्यकता अध्ययन, छलफल र सुझाव संकलन

## कार्यक्रम कार्यन्वयन स्थल

**सम्बन्धित स्थानीय तहले खटाएका स्थानहरु (उदाहरणका लागि)**

१) वसपार्क लगायतका भिडभाड हुने स्थल, तरकारी बजार

२) नगरपालिका, वडा र अन्य सरकारी कार्यालयका प्राङ्गण

३) विद्यालय र सामाजिक संघसंस्था

४) संक्रमितको घर परीवार, आदि ।

## कार्यक्रमको प्रकृया

**१) स्वयंसेवकको छनौट**

राष्ट्रिय युवा परिषद्सँगको नियमित परामर्शमा युवा विकास केन्द्रको इमर्जेन्सि रेस्पोन्स टिमले स्वयंसेवक छनौट गर्ने छ । यसका लागि इमर्जेन्सि रेस्पोन्स टिमले आफुसँग आवद्ध भएका, स्वास्थ्य तथा मनोसामाजिक विषयमा अध्ययन तथा अनुभव रहेका र स्थानीय युवा समुह मार्फत आवेदनका लागि प्रेरित गर्ने छ ।

**स्वयंसेवक छनौटका आधारहरु निम्नाअनुसार हुनेछन् ।**

- स्वयंसेवक १६-४० वर्ष उमेर समुहको हुनुपर्ने छ ।
- सम्बन्धित पालिका भित्रका स्थायी वा अस्थायी बासिन्दालाई प्राथमिकता दिने ।
- कम्तिमा १ महिना पूर्णकालिन समय दिनु पर्ने छ ।
- राष्ट्रिय युवा नीतिले परिभाषित गरेको प्राथमिकता र विशेष प्राथमिकताको समुहलाई प्राथमिकता दिने ।
- ५० प्रतिशत महिला हुनुपर्नेछ ।

राष्ट्रिय युवा परिषद्-नेपाल २०७२ सानोठिमी, भक्तपुर

२) स्थानिय तहसँगको समन्वय

राष्ट्रिय युवा परिषद्ले उपत्यकाका १८ वटा पलिकासँग समन्वय गर्ने छ । नगरपालिका प्रमुख, उपप्रमुख र प्रशासकिय प्रमूखसँग योजना र निर्णय तहको समन्वय गर्ने छ भने स्वास्थ्य शाखा, संम्वन्धित वडासँग कार्यान्वियन तहमा समन्वय गर्ने छ ।

## ३) स्वयंसेवक अभिमूखिकरण

राष्ट्रिय युवा परिषद्ले स्वास्थ्य मन्त्रालयको प्राविधीक सहयोगमा स्वयंसेवकका लागि जूम प्रविधि मार्फत एक दिने अभिमुखिकरण कार्यक्रम गर्ने छ । यस कार्यक्रममा स्वयंसेवकको कार्य, जिम्मेवारी, सञ्चार र रिपोर्टिङ्ग प्रकृया, सुविधाका वारेमा जानकारी दिईने छ । यो कार्यक्रम परिषद्को सभाहलमा नै गरिने छ जसले गर्दा स्वयंसेवकको परिषद्सँगको नजिकपन र जिम्मेवारीपनका लागि सघाउ पुर्‍याउने छ । यसै अवसरमा स्वयमंसेबकको सम्झौता गरिने र आवश्यक सामाग्री हस्तान्तरण गरिने छ ।

## ४) स्वयंसेवक परिचालन

स्वयंसेवक परिचालन एक समुहमा बढिमा १० जनाको समुहमा गरिने छ । प्रत्येक समुहमा स्वास्थ्य र मनोसामाजिक विषयमा जनकारी सदस्य समावेस गर्ने प्रयास गरिने छ। सकभर तत् तत् पालिका भित्रकै स्थायी र अस्थायी वसोवास गरिरहेका युवा रहने गरी समुह निर्माण गरिने छ।

स्वयंसेवक परिचालन पालिकाको स्वास्थ्य शाखाको प्रत्यक्ष निगरानिमा गरिने छ । स्वयमंसेवक प्रत्येक दिन पालिकाको स्वास्थ्य शाखामा हाजिर हुनु पर्ने वा वाह्य कार्य स्थल पालिका कार्यलयवाट टाढा भएको अवस्थामा नजिकको वडा कार्यलयमा दैनिक हाजिर हुने व्यावस्था मिलाउने ।

## ५) नियमित रिपोर्टिङ्ग प्रक्रिया

स्वयमंसेवकले आफ्नो कार्यको दैनिक विवरण पालिकाको स्वास्थ्य शाखा वा तोकिएका जिम्मेवार व्यक्तिलाई मौखिक रिपोर्टिङ्ग गर्ने र दिईएको फर्मेटमा साप्ताहिक रिपोर्टिङ्ग गर्ने र सुझाव लिने । साथै, इमर्जेन्सि रेस्पोन्स टिमले तोकेको संयोजकलाई दैनिक अनलाइनवाट कार्य विवरण अपडेट गराउने ।

६) अनुगमन तथा मुल्याङ्गन

पालिकाका स्वस्थ्य शाखाले स्वयंसेवकको दैनिक कार्यको नियमित अनुगमन गर्ने छ र कार्यक्रमको अन्त्यमा स्वयंसेवकको व्यक्तिगत मुल्याङ्कन फाराम भरि राष्ट्रिय युवा परिषद्मा पठाउने छ । राष्ट्रिय युवा परिषद् र इमर्जेन्सि रेस्पोन्स टिमको व्यवस्थापनको प्रतिनिधित्वमा एक अनुगमन तथा मुल्याङ्गन समिति गठन गरिने छ। जस्ले नियमित अनुगमन तथा कार्यक्रमको अन्त्यमा पालिकाका स्वस्थ्य शाखाको मुल्याङ्कन फाराम लाई समेत आधार लिएर मुल्याङ्कन गर्ने छ ।

७) प्रतिवेदन र पृष्टपोषण

कार्यक्रमको अन्त्यमा स्वयंसेवक, पालिका प्रतिनिधि र व्यवस्थापन टिमको संयुक्त भेला वसि कार्यक्रका सफल पक्ष र सुधार गर्नु पर्ने विषयमा छलफल गर्ने छ। यस कार्यक्रमको प्रारम्भिक प्रतिवेदन इमर्जेन्सि रेस्पोन्स टिमले वनाउने छ भने, प्रतिवेदनको फाईनल राष्ट्रिय युवा परिषद्ले गर्ने छ ।

**स्वयंसेवकको सेवा सुविधा**

- स्वयंसेवकले एक महिना सेवा गर्न सहजताका लागि यातायात र सञ्चार वापत एकमुस्ट १०,०००/- दिइने छ ।
- कार्यको प्रकृति अनुसार सरकारले तोकेको मापदण्डलाई आधार मानि सुरक्षा सामग्रिको व्यवस्था गरिने छ ।
- कार्यक्रमको समापनसँगै स्वयंसेवा गरेको प्रमाणपत्र दिईने छ ।

**जिम्मेवारि**

१) राष्ट्रिय युवा परिषद्

- राष्ट्रिय युवा परिषद्को सम्पूर्ण समन्वय र व्यवस्थापनको मुख्य जिम्मेवारी हुने छ।
- नगरपालिको नेतृत्व (प्रमुख, उप प्रमुख, कार्यकारी अधिकृत) सँग योजना र नीर्णय तहको सामन्वय गर्ने । युवा निकास केन्द्र, पालिका स्वास्थ्य शाखा, वडा कार्यलय, ट्राफिक प्रहरी, विद्यालय लगाएत स्वयंसेवकको कार्यमा प्रत्यक्ष सहयोग गर्ने निकायसँग कार्यक्रम कार्यन्वयनमा प्रभावकारिताको लागि नियमित सम्पर्क गर्ने, निर्देशन र सुझाव दिने ।
- स्वयंसेवकलाई अभिमूखिकरण दिने, सेवा, सुविधा, सुरक्षा र मूल्याङ्कनको कार्य गर्ने ।

२) युवा विकास केन्द्र

- स्वयंसेवकको छनौट गर्ने, समुह विभाजना गर्ने, कार्य प्रकृयामा एकरुपताका लागि मार्ग निर्देशन गर्ने ।
- राष्ट्रिय युवा परिषद्सँग स्वयंसेवक परिचालन व्यवस्थापनका लागि नियमित समन्वय गर्ने ।
- नगरपालिका र स्वयंसेवक परिचालनका लागि जिम्मेवार स्थानिय निकायहरुसँग स्वयंसेवकको दैनिक कार्य व्यवस्थापन, पृष्टपोषण र सुधारका लागि समन्वय गर्ने ।
- कार्यक्रमको नियमित रिपोर्ट संकलन गर्ने र कार्यक्रमको समापनसँगै प्रतिवदेन तयांर गर्ने ।

३) स्वयंसेवक

- स्वयंसेवकले कार्य सञ्चालन गाइडलाईन अनुसार समुहमा कार्य गर्ने ।
- आफ्नो कार्यसँग सम्वन्धि सुझाव पालिका र इमर्जेन्सि रेस्पोन्स टिमको व्यवस्थापनसँग नियमित लिने ।

NYC
राष्ट्रिय युवा परिषद्
२०७२
सानोठिमी, भक्तपुर

- आफ्नो कार्यको दैनिक अपडेट र अन्तिम प्रतिवेदन पालिका र इमर्जेन्सि रेस्पोन्स टिमको व्यवस्थापनलाई वुझाउने ।

४) नगरपालिका

- नगरपालिकाको स्वास्थ्य शाखाले स्वयंसेवकलाई दैनिक कार्यमा गाईड गर्ने र कार्य विवरण नियमित लिने ।
- स्वंसेवकको कार्यका लागि स्वस्थ्य शाखाले स्थानिय ट्राफिक प्रहरी, विद्यालय र संवन्धित सामुदायिक निकायसँग समन्वय गर्ने ।
- स्वंसेवकको नियमित हाजिरी लिने, कार्यको मूल्याङ्कन गर्ने ।

५) ट्राफिक प्रहरी, विद्यालय र संवन्धित सामुदायिक निकाय

- स्वंसेवकको कार्यसँग सम्वन्धित स्थानिय निकायले स्वंसेवकलाई दैनिक कार्यका सहयोग गर्ने ।
- स्वंसेवकको उपस्थिति र कार्य जिम्मेवारीको वारेको पालिका र इमर्जेन्सि रेस्पोन्स टिमलाई जानकारी दिने ।

आशातित उपलब्धि

- कोभिड १९ को संक्रमणको जिखिम न्युनिकरणमा सहयोग हुने छ ।
- मनोसामाजिक सहयोग र कोभिड १९ पश्चातको स्वस्थ्य, सामाजिक र आर्थिक पुनर्स्थापनाको आवश्यकता पहिचान हुने छ ।
- राष्ट्रिय युवा परिषद्को स्थानिय तहसँग कार्यन्वयन तहमा सम्वन्ध विस्तार हुने छ जस्ले युवाको स्थानिय प्रक्रियामा सहभागित बृद्धि गर्न सहयोग गर्ने छ ।
- स्वयंसेवक युवाको अनुभव र क्षमता अभिवृद्धिसँगै स्थानिय तहसँगको सम्वन्ध बिस्तार हुने र आगामि दिनमा स्थानिय प्रकृयामा सहभागिता बृद्धि हुने छ ।

अनुसुचि

१) स्वयंसेवक आवेदन फाराम

२) सम्झौता पत्र

३) मूल्याङ्कन फाराम

४) प्रतिवेदन फाराम

धन्यवाद ।